# मध्यबिन्दु नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
### (शिक्षा, युवा तथा खेलकुद शाखा)

नवलपरासी (बर्दघाट सुस्ता पूर्व जिल्ला)
गण्डकी प्रदेश, नेपाल

मध्यबिन्दु नगरपालिका नगर कार्यपालिकाको कार्यालय शिक्षा, युवा तथा खेलकुद शाखा (वि.सु.पू.) धौरमारा, नवलपरासी गण्डकी प्रदेश, नेपाल

प.सं.: ०७७/०७८
च.नं.: ६४

मिति: २०७७/१०/१२

श्री सम्पूर्ण आधारभूत(नि.मा.वि.) तथा माध्यमिक सामुदायिक विद्यालयहरु
मध्यबिन्दु नगरपालिका।

**विषय: सेनेटरी प्याड व्यवस्थापन तथा वितरण सम्बन्धि निर्देशन।**

प्रस्तुत विषयमा सामुदायिक विद्यालयमा अध्ययनरत किशोरावस्थाका सम्पूर्ण छात्राहरुलाइ महिनावारीका समयमा आवश्यक पर्ने महिनावारी व्यवस्थापन सामाग्री उपलब्ध गराई उनीहरुको स्वास्थमा सुधार गरि महिनावारीका कारणबाट विद्यालय छाड्ने समस्या समाधान गर्दै गुणस्तरीय शिक्षाको प्रत्याभूतका लागि सेनेटरी प्याड उपलब्ध गराउने कार्यक्रम रहेको विदितै छ। नगर शिक्षा समितिको मिति २०७७/८/३० को निर्णयानुसार सेनेटरी प्याड(वितरण तथा व्यवस्थापन) कार्यविधि, २०७६ बमोजिम गर्ने गरि त्यस विद्यालयको खातामा अनुदान स्वरूप निकासा दिइने छ। सेनेटरी प्याड व्यवस्थापन, वितरणका लागि देहायबमोजिम गर्नु गराउनु हुन नगर शिक्षा समिति तथा स्थानीय तह स्तरीय सेनेटरी प्याड वितरण तथा व्यवस्थापन समितिको निर्णय बमिजिम अनुरोध छ।

- मिति २०७७/१०/१५ गते देखि लागु हुने गरि २०७८ असाढ मसान्त सम्म बढीमा ५ महिनाका लागि कक्षा(६-१२) सम्मका छात्रा संख्याका आधारमा चौमासिक वा एकमुष्ट अनुदान त्यस विद्यालयको खाता मा प्रति छात्रा ८४/- का दरले निकासा दिइने छ।
- सेनेटरी प्याड (वितरण तथा व्यवस्थापन) कार्यविधिको अनुसूची १ वा २ बमोजिमको मापदण्ड बमोजिम हुने गरी प्रचलित खरिद ऐन तथा नियमावली बमोजिम खरिद गर्नुपर्ने छ।
- नियमानुसार खरिद गरेका सेनेटरी प्याडको सुरक्षित किसिमले भण्डारणको व्यवस्था गर्नु पर्ने छ।
- खरिद र वितरण (बुझिलिएको भरपाई) गरेको अभिलेख जिन्सी खातामा छुट्टा छुट्टै राख्नु पर्ने छ।
- सेनेटरी प्याड वितरणका लागि नर्स उपलब्ध भए नर्सलाइ सम्पर्क व्यक्ति तोक्ने नभए महिला शिक्षक वा बालबिकास कक्षाका महिला सहजकर्ता वा जनसंख्या र वातावरण विषय आध्यापन गर्ने शिक्षकलाइ सम्पर्क व्यक्ति तोकी सेनेटरी प्याड भण्डारण र वितरण गर्ने कार्यको जिम्मेवारी दिनुपर्ने छ।
- सम्पर्क व्यक्तिले छात्राहरुलाइ एउटा महिनावारी चक्रका लागि बढीमा १६ वटा सेनेटरी प्याड उपलब्ध गराउनुपर्ने छ।

देविराम अर्याल
उप सचिव(प्रा.)

- सम्पर्क व्यक्तिले छात्राहरुलाइ सेनेटरी प्याड उपलब्ध गराउनु अधि प्रयोग गर्ने तरिका सम्बन्धमा आधारभूत जानकारी गराउनु पर्ने छ।
- सेनेटरी प्याडको दुरुपयोग हुन नदिने दायित्व प्रधानाध्यापकको हुनेछ।
- सेनेटरी प्याडको विवरण प्रत्येक महिनाको पहिलो हप्ता विद्यालयको सुचना पाटीमा टास गरि सार्वजनिक गर्नुपर्नेछ।
- सेनेटरी प्याडको विसर्जनका लागि वातावरणमा प्रतिकुल असर नपर्ने गरि दिगो विसर्जन गर्न विद्यालय हाता भित्र खाल्डो खनी पुर्नुपर्ने छ।
- ७ सदस्यीय विद्यालय स्तरीय सेनेटरी प्याड वितरण तथा व्यवस्थापन समिति( प्र,अ. संयोजक, स्वास्थ्य, जनसंख्या वा सामाजिक विषयका शिक्षक, महिला शिक्षक , प्र.अ ले तोकेका किशोरी छात्राहरु २ जना, १ जना विद्यालय रहेको स्थानीय स्वास्थ्य संस्थाको अ.न.मि वा स्वास्थ्य स्वयम सेविका , विद्यालयका सम्पर्क व्यक्ति सदस्य सचिव) उक्त समितिका प्रमुख कार्य: खरिदका लागि संख्या निर्धारण गर्ने, अभिलेख राखी वितरण गर्ने, विसर्जनको व्यवस्था, सचेतना, अन्य तोकिएका कार्य।
- सेनेटरी प्याड वितरण, व्यवस्थापन तथा सचेतना सम्बन्धमा गुनासो संकलन तथा सुनुवाईको व्यवस्था विद्यालय र स्थानीय तहमा हुनेछ।
- अनुदानको रुपमा विद्यालयको खातामा निकासा भएको रकम सेनेटरी प्याड खरिद गर्न बाहेक अन्य कुनै कार्यमा खर्च गर्न पाइने छैन। खर्चको पारदर्शिता र तथ्यांकको विश्वसनियताका सम्बन्धमा प्रधानाध्यापक जिम्मेवार हुनुपर्ने छ।
- कार्यक्रमको कार्यान्वयनको प्रगति विवरण मन्त्रालयले तोकेको ढाचामा चौमासिक रुपमा स्थानीय तहमा पठाउनुपर्ने छ।
- सेनेटरी प्याडको खरिद, व्यवस्थापन, वितरण, विसर्जन तथा सचेतनाका विषयमा विद्यालय व्यवस्थापन समिति लगायत विभिन्न निकायवाट अनुगमन हुने छ।

देविराम अर्याल
उप सचिव(रा.)

वोधार्थ:

श्री शिक्षा तथा मानव स्रोत विकास केन्द्र सानोठिमी भक्तपुर

श्री शिक्षा विकास तथा समन्वय इकाई कावासोती, नवलपरासी(व.सु.पू)

श्री सुचना प्रविधि शाखा: वेवसाइटमा उपलोड़ गरिदुनु हुन।

अवगतार्थ

श्रीमान नगर प्रमुखज्यु म.न.पा

श्रीमान उपप्रमुखज्यु मा.न.पा